फो.नं. : ०२१-५११३५८/५१६५६८
Email : doadprovince1@gmail.com
Website: doad.p1.gov.np

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
# कृषि विकास निर्देशनालय
विराटनगर, नेपाल

## प्रस्ताव आव्हान सम्बन्धी सूचना
**(प्रथम पटक प्रकाशित मितिः२०७८/०४/३१)**

यस निर्देशनालयको आ.ब. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु रहेको हुँदा प्रदेश नं. १ का ईच्छुक साझेदारहरुले **कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६(पहिलो संशोधन २०७७/१२/११)** अनुसार तोकिए बमोजिमका शर्तहरु पालना गरी यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र आवेदन दर्ता गर्न हुन अनुरोध गरिन्छ। साथै रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु दर्ता हुने छैन। थप जानकारीका लागि यस निर्देशनालयको फोन.नं. ०२१-५११३५८/५१६५६८ मा सम्पर्क राख्नुहुन वा वेबसाईट **doad.p1.gov.np**बाट कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि,२०७६(पहिलो संशोधन २०७७/१२/११) डाउनलोड गर्न सकिने छ।

**आवेदन दर्ता तथा संलग्न गर्नुपर्ने कागजातहरुको लागि सम्पर्क गर्न सकिने कार्यालयहरुः**

१. कृषि विकास निर्देशनालय, विराटनगर
२. कृषि ज्ञान केन्द्रहरुः पाँचथर, इलाम, झापा, सुनसरी, धनकुटा, संखुवासभा, भोजपुर, ओखलढुङ्गा, खोटाङ्ग, उदयपुर, सोलुखुम्बु। (सम्पर्क केन्द्रहरुःताप्लेजुङ्ग,मोरङ्ग र तेह्रथुम)

**कार्यक्रम विवरणः**

| क्र.सं. | कार्यक्रमको नाम | संख्या | अधिकतम साझेदारी रकम रु. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|
| १ | चक्लाबन्दी खेती प्रवर्द्धन कार्यक्रम | ४ | ७५% वा बढीमा रु ३५ लाख सम्म अनुदान | कृषक समूह / कृषि सहकारी संस्था / नीजि कम्पनी / कृषक |
| २ | स्रोत केन्द्र(च्याउ र मौरी)विकास कार्यक्रम | १० | ७५% वा बढीमा रु १५ लाख सम्म अनुदान | कृषक समूह/कृषि सहकारी संस्था /कृषि उद्योग/ कृषि फार्महरु |
| ३ | नमुना कृषि फार्म स्थापना सहयोग कार्यक्रम | ११ | ७५% वा बढीमा रु १५ लाख सम्म अनुदान | कृषक समूह/कृषि सहकारी संस्था /कृषि उद्योग/ कृषि फार्महरु |
| ४ | बेरोजगार कृषि प्राविधिकलाई व्यवसायिक कृषि उद्यमका विकासका लागि प्रस्तावनामा आधारित कृषि कार्यक्रम | १५ | ७५% वा बढीमा रु ५ लाखसम्म अनुदान | कृषि विषयमा कम्तिमा प्राविधिक एस.एल.सि. वा मान्यता प्राप्त शिक्षण संस्थाहरुबाट कृषि विषय अध्ययन गरि बेरोजगार बसेका युवाहरु। |

नोट : विस्तृत सुचना तथा प्रस्तावको ढाँचा **doad.p1.gov.np** बाट डाउनलोड गर्न सकिनेछ र प्रस्तावको साथमा कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६(पहिलो संशोधन २०७७/१२/११) को सम्बन्धित अनुसूचीमा उल्लेख भए बमोजिमका कागजातहरु र निवेदन दस्तुर प्रति निवेदन रु २००।- कृषि विकास निर्देशनालय, राजस्व शीर्षकः १४२२९, कार्यालय कोडः ३१२०११३०११, राष्ट्रिय वाणिज्य बैंकमा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नु पर्नेछ।

निमित्त प्रमुख